नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं. २०८२/०८३

नेपाल संवत् ११४५

मिति: २०८२ असोज २१ गते

**केन्द्रीय कार्यसमिति**
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# समसामयिक विषयमा नेबाएद्वारा जारी

## प्रेस विज्ञप्ति

१. न्यायपालिकाको सुधार न्यायपालिकाकै प्रतिवेदनले देखाएको छ । नेपाल बार एशोसिएशनको १६ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनले न्यायपालिकाको पुर्नसंरचनाको विषयमा आफ्नो धारणा स्पष्ट राखेको छ । न्यायपालिकाको सुधार वैधानिक संयन्त्रमार्फत व्यापक परामर्शमा हुनु पर्दछ । हाल सञ्चार माध्यममार्फत स्वतन्त्र न्यायपालिकालाई भय र त्रासमा राखि निर्देशित न्यायलय सञ्चालन गर्ने कुचेष्टाप्रति नेबाए घोर भर्त्सना गर्दछ । स्वतन्त्र, सक्षम र उत्तरदायी न्यायपालिका नेबाएको मान्यता हो । यस उपर हुने कुनै पनि जोर जुलुम, जवरजस्ती, हमला एवम् अवैधानिक गतिविधिको नेबाए सख्त विरोध गर्दछ ।

२. देश जतिसुकै कठिन मोडमा रहँदा समेत कानूनको शासनको आधारभूत मानकलाई वेवास्ता गर्न मिल्दैन । स्वच्छ सुनुवाई सहितको मानव अधिकारको आधारभूत मापदण्डलाई पालना गर्नु राज्यको प्रथम दायित्व हो भन्ने स्मरण गराउन चाहन्छौं ।

३. सुरक्षा निकाय खास गरी नेपाल प्रहरीको मनोवल खस्कने गरी भएका हर्कतहरुप्रति सरकार गम्भीर हुनु पर्दछ । आवेश, आक्रोस र अराजकताले हत्या, हिंसा र प्रतिहिंसाको दुश्चक्र निम्त्याउँछ । हामी दीगो शान्तिको पक्षमा छौं । दिगो शान्ति सम्वाद र सहकार्यबाट मात्र सम्भव छ । तसर्थ व्यापक सम्वाद गर्न नेपाल सरकार समक्ष हामी अनुरोध गर्दछौं ।

४. सर्वोच्च अदालत लगायतका सम्पूर्ण अदालतहरुका काम, कारवाहीहरु अविलम्व नियमित रुपमा सुचारु गर्न माग गर्दछौं । जनताको न्याय सम्वन्धी हकको प्रचलन कुनै पनि क्षण अवरुद्ध गर्न हुँदैन भन्ने हाम्रो स्पष्ट मान्यता छ ।

५. नेबाएको लागि भवन निर्माण गर्न सर्वोच्च अदालत परिसरभित्रै जग्गा उपलब्ध गराउन अनुरोध गर्दछौं । यो विषयले कार्यरुपमै उच्च प्राथमिकता पाउनु पर्दछ ।

६. गत भदौ २३ गते भएको जेनजीको आन्दोलन र भदौ २४ गते भएको तोडफोड आगजनी, लुटपाट समेतको घटनाउपर छानविन गर्न गठित आयोगका अध्यक्षको पूर्व धारणाले आयोगको निष्पक्षतामा आँच आउन नसक्ने कुराको विश्वसनीय प्रत्याभुति सार्वजनिक भएको छैन । यस्तो गम्भीर घटनालाई छानविन गर्न नेपाल सरकारले औपचारिकता मात्र निर्वाह गर्न खोजी विषयवस्तुलाई हल्का रुपमा लिएको आम धारणा बनिरहेको छ । यसबाट आयोगको प्रतिवेदनले समेत विश्वसनीयता गुमाउने हुन्छ ।

७. छिट्टै नेबाएका पूर्व पदाधिकारी र एकाइ बारका पदाधिकारीहरुसँगको संयुक्त बैठक बोलाई प्राप्त सुझावको आधारमा थप धारणा बनाइने बेहोरा अवगत गराइन्छ ।

८. संकटको यस घडीमा न्यायका उपभोक्ता र कानून व्यवसायमा परेको असरप्रति हामी संवेदनशील छौं ।

हार्दिक धन्यवाद सहित,

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव

CamScanner